"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७७/७८
चलानी नं. : —

मिति : २०७८/०१/२२

## कोभिड-१९ का विषयमा जारी प्रेस विज्ञप्ती

कोभिड-१९ को दास्रो भेरियन्टका कारणले संक्रमितको संख्यामा तीव्र गतिले बढोत्तरी भइरहेको र यसबाट उल्लेख्य संख्यामा मृत्यु भएको कारण जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट २०७८/०१/१९ रातिबाट निषेध आदेश जारी भएको छ। स्थिती जटिल बन्दै गएको भएतापनि सर्वसाधारणबाट निषेधाज्ञाको पूर्ण पालना नगरेको र स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पालना कमजोर रहेको देखिएको छ। यस अवधिमा नगरपालिकाको कार्यालयहरुबाट प्रदान हुने अत्यावश्यक बाहेकका सबै सेवा बन्द गरिएको छ भने नागरिकहरुको स्वास्थ्यको विषयलाई मध्यनजर गरी कोभिड-१९ संक्रमित नागरिकहरुको लागि नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिकाको सहकार्यमा ४०(चालिस) शैयाको आइसोलेसन वार्ड तयार गरिएको छ। अवस्था निकै भयावह बन्दै गएको विषयलाई मध्यनजर गरी अत्यावश्यक काम नपरी घर बाहिर ननिस्किनुहुन तथा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्णरुपले कार्यान्वयन गर्नहुन सम्पुर्ण नगरवासीहरुमा अनुरोध छ। यहाँहरुलाई कोभिड-१९ रोगको लक्षण देखा परेमा नगरपालिकाले तोकेको CICT समूहसँग समन्वय गरी परीक्षण गराउनुहुन र यस विषयमा नगरपालिकाका कर्मचारी नवराज दाहाल (सम्पर्क नं. ९८४११४२०५७) सँग सम्पर्क राख्न हार्दिक अनुरोध छ।

**यसका साथै देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।**

१. नमोबुद्ध नगरपालिका क्षेत्र कोरोना भाइरस (कोभिड-१९)को संक्रमणको उच्च जोखिम रहेको कारणले नगरपालिका क्षेत्रभित्र संचालन भएका दैनिक उपभोग्य सामग्रीका पसलहरु र नेपाल सरकारले अत्यावश्यक भनि तोकेको व्यवसायहरु नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सम्बन्धी सुरक्षाका सबै मापदण्ड अपनाई दैनिक रुपमा विहान ६:३० देखि ११:०० बजे र बेलुका ४:०० बजेदेखि ७:०० बजेसम्म मात्र संचालन गर्ने र अन्य सम्पूर्ण व्यवसायहरु अर्को सूचना नभएसम्मको लागि बन्द गर्ने।

राजन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७७/७८
चलानी नं. : —

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

मिति :

२. नमोबुद्ध नगरपालिका क्षेत्र भएर संचालन हुने यात्रुबाहक सवारी साधनहरु (अत्यावश्यक सवारी साधन र नेपाल सरकारको आधिकारिक निकायबाट जारी भएको सवारी पास भएका सवारी साधन र सरकारी गाडी बाहेक)लाई हाल महामारीको रुपमा फैलिएको कोरोना भाईरसको दोस्रो भेरिएन्टको संक्रमणलाई नियन्त्रण गर्न अर्को सुचना जारी नभएसम्मको लागि बन्द गर्ने ।

३. नगरवासीहरुले अति आवश्यक काम परी नगरपालिका भित्र आवतजावत गर्दा नेपाल सरकारबाट जारी भएका सम्पूर्ण स्वास्थ्य सम्बन्धी सुरक्षाका मापदण्ड अपनाई आवतजावत गर्ने ।

४. नगर क्षेत्रभित्र अनावश्यक रुपमा मानिस भेला भई भीडभाड हुने कुनै प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, धार्मिक भेला, चाडपर्व लगायतका कार्यक्रमहरु बन्द गर्ने ।

५. अत्यावश्यक बाहेक आफ्नो घर बाहिर ननिस्किनुहुन र बाहिर निस्किनु पर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने तथा सामाजिक/भौतिक दुरी कायम गर्ने ।

६. नमोबुद्ध नगरपालिका अन्तर्गत रहेका बैंक तथा वित्तीय संस्थाबाट तपशिल बमोजिमको कार्यतालिका अनुसार नेपाल सरकारबाट जारी भएका सबै प्रकारका स्वास्थ्य मापदण्ड अपनाई सेवा प्रवाह गरिने ।

<u>तपशिल :</u>

| क्र.सं. | वित्तीय संस्थाको नाम | संचालन हुने बार | समय |
|---|---|---|---|
| १. | राष्ट्रिय वाणिज्य बैंक लि. | आइत, सोम र मंगल | विहान १०:०० बजेदेखि २:०० बजेसम्म |
| २. | ग्लोबल आइ.एम.इ.बैंक लि. | | |
| ३. | सिन्धु विकास बैंक लि. | | |
| ४. | लक्ष्मी बैंक लि. | बुध, विही र शुक्र | |
| ५. | लुम्बिनी विकास बैंक लि. | | |

राजन पौडेल
प्रमुख प्रशासकीय अधिकृत